**आकाशवाणी समाचार- नेपाली**

मितिः २ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको भारत मण्डपममा हुने अंतरराष्ट्रीय वायु परिवहन संघ -आईएटीए को ८१ औं वार्षिक साधारण सभामा भाग लिनुहुनेछ|

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा पाराग्वेका राष्ट्रपति सैंटियागो पेना पलासिओस सँग वार्ता गर्नुहुनेछ|

- सिक्किम सरकारले पाँच वर्षको अन्तरालपछि भगवान शिवको वासस्थान कैलाश मानसरोवर यात्रा आयोजना गर्ने तयारी गरिरहेको छ।

- युक्रेनले हिजो पाँच रुसी हवाई अड्डाहरू - मरमंस्क, इरकुत्स्क, इवानोवो, रियाज़ान र अमूर ठूलो ड्रोन आक्रमण गरेको छ।

- आईपीएल क्रिकेटमा हिजो राति भएको क्वालिफायर २ को म्याचमा पञ्जाब किंग्सले मुम्बई इन्डियन्सलाई ५ विकेटले पराजित गरेको फाइनलमा प्रवेश गरेको छ।

**प्रधानमन्त्री-आईएटीए**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको भारत मण्डपममा हुने अंतरराष्ट्रीय वायु परिवहन संघ -आईएटीए को ८१ औं वार्षिक साधारण सभामा भाग लिनुहुनेछ। प्रधानमन्त्रीले सभामा उपस्थित मानिसहरुलाई सम्बोधन गर्नुहुनेछ। यो बैठक हिजोदेखि सुरु भएको हो अनि मंगलबार समापन हुनेछ। अंतरराष्ट्रीय वायु परिवहन शिखर सम्मेलन उड्डयन उद्योगले सामना गरिरहेका प्रमुख मुद्दाहरूमा केन्द्रित हुनेछ। यसमा वायुसेवा उद्योगको अर्थव्यवस्था, हवाई सम्पर्क, ऊर्जा सुरक्षा, दिगो उड्डयन इन्धन उत्पादन, कार्बन डाइअक्साइड उत्सर्जन घटाउने प्रयासहरूको लागि वित्तपोषण र नवप्रवर्तन आदि समावेश छन्। प्रधानमन्त्री कार्यालयबाट जारी विज्ञप्तिमा यस कार्यक्रमको क्रममा, विश्वभरका नेताहरूले उड्डयन क्षेत्रमा भारतको उल्लेखनीय प्रगति र देशको सामाजिक-आर्थिक विकासमा यसको योगदान देख्नेछन् भनि बताईएको छ। आईएटीए को अन्तिम वार्षिक साधारण सभा ४२ वर्षअघि १९८३ मा आयोजना गरिएको थियो।

****** ० ******

**पराग्वे - राष्ट्रपति यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा पाराग्वेका राष्ट्रपति सैंटियागो पेना पलासिओस सँग वार्ता गर्नुहुनेछ। दुई नेता बीच द्विपक्षीय सम्बन्धको सबै पक्षहरूको समीक्षा गर्ने अपेक्षा गरिएको छ। राष्ट्रपति पेनाले राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड़ र विदेशमन्त्री एस जयशंकरलाई पनि भेट्नुहुनेछ।पाराग्वेका राष्ट्रपति आजदेखि भारतको तीन दिने राजकीय भ्रमणमा हुनुहुन्छ। उहाँसँगै मन्त्रीहरू, वरिष्ठ अधिकारीहरू र व्यापारिक प्रतिनिधिहरू सहितको उच्चस्तरीय प्रतिनिधिमण्डल पनि रहने छ। यो राष्ट्रपति पेनाको भारतको पहिलो भ्रमण हो र पराग्वेका राष्ट्रपतिद्वारा अहिले सम्म गरिएको दोस्रो भ्रमण हो।राष्ट्रपति पेनाले बुधबार पाराग्वे फर्कनुअघि मुम्बईको पनि भ्रमण गर्नुहुनेछ। मुम्बईमा राष्ट्रपति पेनाले राज्यका राजनीतिक नेताहरू, व्यापार र उद्योग प्रतिनिधिहरू र प्राविधिक विज्ञहरूसँग भेटघाट गर्नुहुनेछ।भारत र पाराग्वे बीच कूटनीतिक सम्बन्ध १९६१ मा स्थापित भएको थियो त्यस पछि दुई देश बीच दशकौंदेखि सौहार्दपूर्ण र मैत्रीपूर्ण सम्बन्ध कायम छ ।

****** ० ******

**शिवराज-दीनदयाल व्याख्यान**

कृषिमन्त्री शिवराज सिंह चौहानले कृषि क्षेत्र देशको अर्थतन्त्रको सबैभन्दा ठूलो शक्ति भएको बताउनुभएको छ। हिजो नयाँ दिल्लीमा पंडित दीनदयाल उपाध्यायको एकात्म मानववाद व्याख्यानको ६० वर्ष पूरा भएको अवसरमा राष्ट्रिय स्मृति सेमिनारमा बोल्नुहुदै श्री चौहानले ग्रामीण क्षेत्रहरूमा गरिबी घटाउने र देशका जनताको जीवनस्तरमा आएको सकारात्मक परिवर्तनको उल्लेख गर्नुभयो। उहाँले लखपति दिदी योजना महिला सशक्तिकरणको लागि एक प्रमुख अभियान साबित भएको बताउनुभएको छ। कृषि क्षेत्रमा भएको प्रगतिको बारेमा श्री चौहानले हालै धानको दुई नयाँ प्रजातिहरू विकास गरिएको छ जसले उत्पादनमा ३० प्रतिशतले वृद्धि गर्नेछ भनि बताउनुभएको छ। यी प्रजातिहरूलाई बीस प्रतिशत कम पानी चाहिन्छ र तिनीहरू बीस दिन पहिलेनै पाकेर तयार हुने बताउनुभएको छ। श्री चौहानले भारत राष्ट्रको रूपमा सांस्कृतिक सम्पदा र आधुनिकताको सामंजस्यपूर्ण संयोजनका साथ अगाडि बढी रहेको बताउनुभएको छ।

****** ० ******

**सिक्किम - कैलाश मानसरोवर यात्रा**

सिक्किम सरकारले पाँच वर्षको अन्तरालपछि भगवान शिवको वासस्थान कैलाश मानसरोवर यात्रा आयोजना गर्ने तयारी गरिरहेको छ। यो यात्रा १५ जुन बाट तीर्थयात्रीहरूको पहिलो समूह गान्तोक पुगेपछि सुरु हुनेछ। राज्य सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागका अतिरिक्त मुख्य सचिव सी.एस. रावले भन्नुभएको छ कैलाश मानसरोवर यात्रा गान्तोकबाट सुरु भएर नाथुलासम्म जानेछ र त्यसपछि चिनियाँ क्षेत्र पार गरेर कैलाश-मानसरोवर पुग्नेछ। सहज यात्राको लागि, गान्तोक र नाथुला बीच अनुकूलन केन्द्रहरू स्थापना गरिएको छ। यात्रा लगभग २०-२१ दिनमा पूरा हुने सम्भावना छ।कैलाश मानसरोवर यात्राको लागि, तीर्थयात्रीहरूले ११ जुन, २०२५ मा दिल्लीमा रिपोर्ट गर्नुपर्नेछ। यात्रा सुरु गर्नु अघि उनीहरूले चिकित्सा परीक्षण गर्नुपर्नेछ र आवश्यक अनुमति र स्वीकृतिहरू प्राप्त गर्नुपर्नेछ। यात्रा १० वटा ब्याचमा सञ्चालन गरिनेछ, प्रत्येक ब्याचमा ४८ जना तीर्थयात्रीहरू हुनेछन्।

****** ० ******

**विदेशी पोर्टफोलियो निवेश-**

एफपीआई विदेशी लगानीकर्ताले मई महिनामा भारतीय पुँजी बजारमा ४० हजार करोड रुपिया लगानी गरेका छन् । लगातार दोस्रो महिना पनि लगानीकर्ताको धारणा सकारात्मक रह्यो । तथ्यांकअनुसार विदेशी पोर्टफोलियो इन्भेस्टमेन्ट (एफपीआई) ले भारतीय शेयर बजारमा १९ हजार ८ सय ६० करोड रु र ऋण बजारमा १९ हजार ६ सय १५ करोड रु लगानी गरेका छन् । यससँगै भारतीय पूँजी बजारमा कुल लगानी ३८ हजार ४७५ करोड रुपिया पुगेको छ । शेयर बाजारमा अप्रैल माहमा चार हजार दुइ सय 23 करोड़ रुपए का शुद्ध निवेश भएको थियो, जबकि यस भन्दा पहले तीन महीनासम्म निकासी लगातार जारी रह्यो। मार्चमा ३,९७३ करोड, फेब्रुअरीमा ३४,५७४ करोड र जनवरीमा ७८,०२७ करोड निकासी भएको थियो ।

****** ० ******

**जीएसटी – मई**

भारतको कुल वस्तु तथा सेवा कर-जीएसटी सङ्कलनले लगातार दोस्रो महिनामा २ लाख करोड रुपैयाँको आंकड़ा पार गरेको छ । केन्द्रीय वित्त मन्त्रालयको तथ्याङ्क अनुसार, मई महिनामा कुल जीएसटी सङ्कलन २ करोड १ लाख रुपैयाँ थियो, जुन गत वर्ष मई महिनामा सङ्कलन गरिएको १ करोड ७२ लाख रुपैयाँभन्दा १६.४ प्रतिशतले बढी हो। यस वर्ष अप्रिलमा जीएसटी सङ्कलन १२.६ प्रतिशतले बढेर २ करोड ३७ लाख रुपैयाँको सर्वकालीन उच्चतामा पुगेको छ।

****** ० ******

**यूक्रेन ड्रोन हमला**

युक्रेनले हिजो पाँच रुसी हवाई अड्डाहरू - मरमंस्क, इरकुत्स्क, इवानोवो, रियाज़ान र अमूर ठूलो ड्रोन आक्रमण गरेको छ। रुसी रक्षा मन्त्रालयले यी हमलाहरूको पुष्टि गर्दै धेरै विमानहरूमा आगलागी भएको , तर कुनै हताहतको खबर नआएको बताएको छ। रुसले यस हमलाहरूलाई आतंकवादी हमला भनि बताएको छ अनि इभानोभो, रियाजान र अमुरमा ड्रोन हमलाहरू विफल पारिएको दाबी गरेको छ।यद्यपि, युक्रेनले ११ महिना लामो यस कारबाहीमा, युक्रेनको सुरक्षा सेवा SBU ले परमाणु हतियार बोक्न सक्षम TU-95 र TU-22 बमवर्षकहरू सहित लगभग ४० विमानहरू नष्ट गरेको बताएको छ। यी मध्ये एक हमलामा इर्कुत्स्कको स्रेदनी गाउँमा रहेको एक सैन्य एकाइ नष्ट भएको रिपोर्ट छ। यसबाहेक, बिलाया एयरबेसमा पनि आगलागी भएको पुष्टि भएको छ।

****** ० ******

**विशेष फीचर - परमवीर चक्र**

**ऑपरेशन सिंदूर** को सफलताको उत्सव बीच, राष्ट्रले भारतीय सैनिकहरुको वीरतालाई नमन गरिरहेको छ। सशस्त्र बलहरुको शौर्यको स्मृतिमा, **आकाशवाणी समाचार ले** विशेष श्रृंखला प्रसारण गरिरहेको छ। आज यस श्रृंखलामा, हामी परमवीर चक्र द्वारा सम्मानित कंपनी हवलदार मेजर पीरू सिंह लाई स्मरण गरिरहेको छौं उहाँले 1947-48 को भारत-पाकिस्तान युद्धमा सर्वोच्च बलिदान दिनुभएको थियो।

(byte)

**आईपीएल**

इन्डियन प्रिमियर लिग-आईपीएल क्रिकेटमा पञ्जाब किंग्स फाइनलमा पुगेको छ। हिजो राति भएको क्वालिफायर २ को म्याचमा पञ्जाब किंग्सले मुम्बई इन्डियन्सलाई ५ विकेटले पराजित गरेको छ। अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा निर्धारित २० ओभरमा मुम्बई इन्डियन्सले ६ विकेट गुमाएर २०३ रन बनाएको थियो। पञ्जाब किंग्सले १९ ओभरमा ५ विकेट गुमाएर २०७ रन बनाएर जितको लक्ष्य हासिल गरेको छ। पञ्जाब किंग्सका कप्तान श्रेयस अय्यरले सर्वाधिक र अविजित ८७ रन बनाए भने नेहाल वढेराले ४८ रनको इनिङ खेले। श्रेयस अय्यर लाई प्लेयर अफ द म्याच घोषित गरियो।यो जितसँगै पञ्जाब किंग्सले भोलि अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हुने फाइनलमा रोयल च्यालेन्जर्स बैंगलोरसँगको म्याचमा आफ्नो पहिलो उपाधि जित्ने लक्ष्य राख्नेछ।

****** ० ******

****** ० ******